# कोर्ट फी ऐन, २०१७

| लालमोहर मिति | राजपत्रमा प्रकाशित मिति |
|---|---|
| २०१७।८।२९ | २०१७।९।२८ |

| संशोधन गर्ने ऐन | लालमोहर र प्रकाशन मिति |
|---|---|
| १. कोर्ट फी (संशोधन) ऐन २०२० | २०२०।४।३२ |
| २. खारेजी र संशोधन ऐन, २०२२ | २०२२।१२।१० |
| ३. कोर्ट फी (दोश्रो संशोधन), ऐन, २०२५ | २०२५।१२।२८ |
| ४. न्याय प्रशासन सुधार (पहिलो संशोधन) ऐन, २०३३ | २०३३।४।१० |
| ५. केही नेपाल ऐन (संशोधन), ऐन, २०४३ | २०४३।७।२४ |
| ६. अदालति कारवाही सम्वन्धी केही नेपाल ऐन (संशोधन) ऐन, २०४७ | २०४७।४।१० |
| ७. कोर्ट फी (तेश्रो संशोधन) ऐन, २०५० | २०५०।९।५।२ |

२०१७ सालको ऐन नं. १३

## कोर्ट फी लगाउने व्यवस्थाको निमित्त बनेको ऐन

सर्वाजनिक हितको निमित्त व्यवस्था कायम राख्न र नेपाल अधिराज्यका नागरिकको सुविधा कायम राख्ने उद्देश्यले कोर्ट फी विषय अघि भइ राखेको काठमाण्डौं उपत्यकामा मात्र लागू भइरहेको नेपाल कानून पर्याप्त नभएको र नेपाल अधिराज्यको अनय क्षेत्रमा समेत लागू गर्न आवश्यक देखिएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवको शासन कालको छठौं वर्षमा संसद्ले यो ऐन बनाई जारी गरेकोछ।

### परिच्छेद - १

१. संक्षिप्त नाम र प्रारम्भ (१) यस ऐनको नाम "नेपाल कोर्ट फी ऐन, २०१७" रहेको छ।

(२) यो ऐन नेपाल भर लागू हुनेछ।

(३) यो ऐनको यो दफा १, २६ र दफा ४ को उपदफा (२) तुरुन्त प्रारम्भ हुनेछ र अन्य दफा उपदफाहरु श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाश गरी तोकिदिएका मितिदेखि तेकिएका क्षेत्रमा प्रारम्भ हुनेछ।[⌖]

२. परिभाषा : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

---

[⌖] उक्त ऐनको प्रारम्भ हुन बाँकी दफा, उपदफाहरु नेपाल अधिराज्यभर मिति २०२१ साल पौष १ गतेदेखि प्रारम्भ हुने गरी तोकिएको (मिति २०२१।५।२३ को राजपत्रमा)।

(क) "कोर्ट फी" भन्नाले यस ऐनमा तोकिए बमोजिम अदालतले नालेस वा उजूर वा पुनरावदेन साथ लिने फी पुनरावलोकन वा रिभिजन हुँदा लिने फी सम्झनु पर्छ।

(ख) ♠......................

(ग) ♠..........................

(घ) "नालेस" भन्नाले फिरादपत्रलाई जनाउँछ।

(ङ) "उजूर" भन्नाले नालेस नदिई निवेदनपत्रबाट मुद्दा मामिलाको शुरु कारवाई चलाउन माग गरेकोलाई सम्झनु पर्छ।

(च) "अदालत" भन्नाले अदालतको काम गर्न अख्तियार पाएको अड्डा वा व्यक्तिको इजलासलाई समेत जनाउँछ।

(छ) "तिरो" भन्नाले मालपोत वा भूमिकर सम्झनु पर्छ।

## परिच्छेद-२

## बिगो र कसूर खुलाउनु पर्ने

३. कोर्ट फी दाखिल नगरी मुद्दा दायर हुन नसक्ने : (१) यस ऐनका अरु दफामा अन्यथा लेखिएकोमा बाहेक यस ऐनले तोके बमोजिम कोर्ट फी दाखिल नगरी कुनै अदालतले नालेस वा उजूर वा पुनरावेदन लिई वा पुनरावलोकन वा रिभिजनको निवेदन लिई कारवाई गर्नेछैन।

४. नालेश वा उजुरी गर्दा खुलाउनु पर्ने कुराहरु : (१) यस ऐन बमोजिम कोर्ट फी लाग्ने मुद्दामा नालेस वा उजूर गर्दा चल वा अचल सम्पत्ति पक्री दावा गरेको वा दावा छुटाई पाउँ भनेकोमा त्यस्तो शुरु चल वा अचल सम्पत्तिको नगदीमा मोल वा बिगो कति हो स्पष्ट खुलाई र त्यसो नभनी गरिदिनु पर्ने कुनै कुरा गरिदिएन वा गर्नु नपर्ने कुरा गऱ्यो वा गर्न आँट्यो भन्ने मात्र दावा गरेकोमा दावा गरिएका कुरा स्पष्ट देखिने गरी लेखी नदिएको नालेस वा उजूर लाग्न सक्नेछैन।

तर-

(१) अंश बण्डा गरी भराई पाउँ भन्ने मुद्दामा बिगो नखुलाई नालेस उजूर गरे पनि लाग्छ। अंशबण्डा गरी दिनु पर्ने देखिएपछि बण्डा गर्नु पर्ने अंशको नेपाल कानून बमोजिम मोल बिगो खुलाई फाँट लिई बिगो कायम गरी कोर्ट फी लिइनेछ।

---

♠ खारेजी र संशोधन ऐन, २०२२ द्वारा खारेज।

(२) पहिले नालेस वा उजूर गर्दा गरिदिनु पर्ने कुनै कुरा गरी दिएन वा गर्नु नपर्ने कुरा गर्‍यो व ागर्न आँट्यो भन्ने मात्र दावा गरेकोमा पछि मोल बिगो दिने दिलाउने कुरामा समेत तैकात गर्नु पर्ने हुन आयो भने त्यस्ता मोल बिगोको लाग्ने कोर्ट फी दाखिल नगरी त्यस्तो मुद्दा कारवाई हुन सक्नेछैन ।

^(२) उपदफा (१) बमोजिम मोल बिगो खुलाउँदा जग्गा जमीन वा अन्य अचल सम्पत्तिको हकमा देहाय बमोजिम मोल कायम गर्नु पर्छ :-

(क) रजिष्ट्रेशन दस्तुर वा करको रकम निर्धारण गर्ने प्रयोजनको लागि श्री ५ को सरकारले कुनै मोल निर्धारण गरेको भए त्यस्तो मोल ।

तर त्यस्तो जग्गा जमीन वा अन्य अचल सम्पत्ति खरिद बिक्री भएको रहेछ र सो खरिद बिक्रीको मोल रजिष्ट्रेशन दस्तुर वा करको प्रयोजनको लागि निर्धारित मोल भन्दा बढी रहेछ भने खरिद बिक्री हुँदा कायम भएको मोल बमोजिम नै कोर्ट फी लाग्नेछ ।

(ख) खण्ड (क) बमोजिम कुनै मोल निर्धारण नभएको र खरिद बिक्रीको मोल पनि कायम हुन नसकेको अवस्थामा स्थानीय प्रचलित मोल ।

## परिच्छेद ३

## बिगो कायम गर्ने र कोर्ट फी को दर

५. मोल बिगो कायम गर्ने बारे : कोर्ट फी लिनालाई मोल बिगो कायम गर्दा वादीले पक्रे दावी गरेको वा पक्राउ वा दावी छुटाई पाउँ भनेको समेत देहायका कुराको देहाय बमोजिम गरी मोल बिगो कायम गरिनेछ :

(क) नगदको हक दावी कायम गर्नु वा पक्राउ छुटई दिनु पर्नेमा कायम गर्नु वा पक्राउ छुटाउनु पर्ने जति नगद अंकबाट,

(ख) सुन, चाँदी, जवाहरात, भाँडा वर्तन, पशु पंक्षी, अन्न, काठपात इत्यादी चल सम्पत्ति दिलाउन वा पक्राउ छुटाउनु पर्नेमा त्यस्तो गरी पाउँ भनेका सम्पत्तिको स्थानीय गाउँ बजारमा चलेका दरले मोल बिगो कायम गरी सो अंकबाट,

^ तेश्रो संशोधनद्वारा संशोधित ।

•<u>स्पष्टीकरण</u> : यस खण्डको प्रयोजनको लागि सुन, चाँदी वा जवाहरातको स्थानीय गाउँ बजारको मोलका सम्वन्धमा कुनै विवाद परेमा नेपाल राष्ट्र बैंक वा श्री ५ को सरकारबाट स्वीकृति प्राप्त अन्य कुनै बैंक वा वित्तीय संस्थाले कायम गरेको मोल मान्य हुनेछ ।

(ग) स्थानीय गाउँ बजारमा बिक्री दर भाउ नचलेका मालको सम्वन्धमा वादीले कायम गरेको मोल बिगो अंकबाट,

(घ) अचल जग्गा जमीन पक्री दावा गरेको वा हक दावा पक्रउ छुटाई पाउँ भनेकोमा दफा ४ को उपदफा (२) बमोजिम नालेस उजूर गर्नेले कायम गरी ल्याएको मोल बिगोको अंकबाट,

(ङ) सुरक्षित किसानलाई सुरक्षित किसानको हकबाट बञ्चित गरी हटाई पाउँ भन्ने दावा गरेकोमा हटाई पाउँ भनेका जग्गा जमीनको प्रकरण (घ) मा लेखिए बमोजिम कायम भएको मोल बिगोको आधा अंकलाई मोल बिगो मानी सो अंकबाट,

(च) ✂......................

(छ) ✂.....................

(ज) ✂..........................

(झ) अधिया जग्गाको आयस्ता बाली पक्रेकोमा वा दावी छुटाई दिनु पर्नेमा दैवी नपरेका अघिल्ला सालका अधियाका आयस्ताको अंकबाट,

(ञ) दैवी परेको जग्गाको बाली अधिया मिन्हा गरी दिएन भन्ने मुद्दामा यति तिर्नु नपर्ने गरी पाउँ भनी अंक किटी दिएको भए सोही अंकबाट

(ट) घर र घरबारी आयस्ता समेत पक्रेकोमा वा दावी छुटाई दिनुपर्नेमा घरको स्थानीय गाउँ बजारमा चलेको दरले मोल र बारीको प्रकरण (घ) मा लेखिएका हिसाबले मोल र आयस्ता बालीको पक्रेको अंकबाट,

(ठ) ✂.....................

(ड) ✂....................

(ढ) ✂.........................

(ण) जग्गाको बाली बाहेक अरु मिन्हा गरी पाउँ भन्ने मुद्दामा मिन्हा मागे जति बिगोको अंकबाट,

---

• तेश्रो संशोधनद्वारा थप ।
✂ तेश्रो संशोधनद्वारा झिकिएको ।
✂ तेश्रो संशोधनद्वारा झिकिएको ।

(त) गुठी, महंत्याही, पूजाहारी, भण्डारे, टहलुवा, सुसारे इत्यादि कामको हक दावी गरी पक्रेको वा पक्राउ छुटाई दिनु पर्ने वा कामबाट खारेज गरी दिनु पर्ने भएको मुद्दामा गुठीको काम चलाई खान पाउने शेष बाँकीको अंकबाट र अरु पक्रेकोमा जग्गा ठेकिएकोमा जग्गाको मोल बिगोबाट र जग्गा नठेकिएकोमा खान पाउने एक सालको खान्गी आयस्ताको अंकबाट,

(थ) जग्गा खोस्न नहुने खोसिदियो वा एकाले पाउने अर्कालाई दियो भन्ने मुद्दामा एक सालको मोहीको बोटीको अंकबाट,

(द) जग्गा पजनी गर्दा दिनु पर्ने मलाई नदिई अरुलाई दियो भन्नेमा दाबी गरेको जग्गाको प्रकरण (घ) बमोजिम हुने मोलको अंकबाट,

(ध) बेतालुकबाट जग्गा पजनी गऱ्यो भन्नेमा दावा गरेका जग्गाको प्रकरण (घ) बमोजिम हुने मोलको अंकबाट,

(न) ठेक्का रकमको हक दावी गरेको वा हक दावी छुटाई दिनु पर्नेमा जति सालको ठेक्का रकम पक्रेको छ उति सालको ठेक्का अंकबाट र आयस्ता नोक्सानी पक्रेकोमा पक्रेको आयस्ता नोक्सानीको अंकबाट,

(प) हक दावी छाडी नदिएको बन्धकी इत्यादि जग्गा जमीनको थैलीलाई नै बिगो कायम गरी सो अंकबाट,

(फ) दामासाही वा भाखा गरी पाउँ भन्ने असामीको नालेस परेको मुद्दामा आसामीले देखाएका बिगोको अंकबाट,

(ब) तलब, भत्ता, किस्ता, खाना खर्च, ज्यूनी, माना चावल दिएन लिएन वा दिन नपर्ने गरी पाउँ भन्ने मुद्दामा जग्गा जमीन पक्रेको वा दिनु नपर्ने गरी पाउँ भनेकोमा भए जग्गा जमीनको हकमा प्रकरण (घ) बमोजिम हुनेमोलको अंकबाट र अरु नगद जिन्सी पक्रेकोमा सो पक्रेको अंकबाट,

(भ) तलब, भत्ता, किस्ता, खाना खर्च, ज्यूनी, माना चावल दिएन लिएन वा दिन नपर्ने गरी बन्दोबस्त गरी पाउँ भनेकोमा एक सालको अंक किटान गराई सोही अंकबाट,

(म) मजूरी नोक्सानी हर्जाना समेत पक्रेकोमा सो पक्रेको बिगोको अंकबाट र दिनु नपर्ने गरी पाउँ भन्ने मुद्दामा सो दिनु नपर्ने भनेका बिगोको अंकबाट,

(य) नासो धरौट वा जिम्मा लिएको र जमानी भएको दिएन वा लिएन भनेकोमा सो भने पक्रेको अंकबाट र दिनु नपर्ने गरी पाउँ भनेकोमा सो दिनु नपर्ने भनेको अंकबाट,

(र) सावाँ मुनाफा, ब्याज, जग्गा बाली आयस्ता घर, पसल त्यसको बहाल र चल अचल, नगद जिन्सी समेत धेरै कलमहरु पक्रेकोमा वा दिनु नपर्ने गरी पाउँ भनेकोमा जग्गा जमीन जतिको प्रकरण (घ) बमोजिम हुने मोलको अंकबाट र अरु थैली मुनाफा ब्याज बाली बहाल आयस्ता नगद जिन्सीको भए त्यसको मोल बिगोको अंकबाट,

(ल) सावाँ र ब्याज समेत पक्री दावा गरी नालेस वा उजूर गर्न आएकोमा नालेस वा उजूर दिएका मितिसम्मको ब्याजको हुने अंकबाट लिइनेछ र त्यसपछि फैसला भएका मितिसम्मको व्याज पाउने हुन आएमा नालेस उजूर दायर भएका मितिदेखि अन्तिम फैसलाको मितिसम्मको ब्याजको कोर्ट फी बिगो भरी पाउँदा असूल गरी लिइनेछ,

(व) नालेस वा उजूर दिई भराई माग्नु पर्ने वस्तुको स्थानीय गाउँ बजारमा चलेका दरले मोल लगाई बिगो कायम गर्दा नालेस दिने बखतमा चलेका दरले यस ठाउँमा बुझाउँला भन्ने लिखत करार भएकोमा बुझाउनु पर्ने ठाउँको र त्यस्तो करार नभएको मोल भएको वा बुझ्नु लिनु पर्ने ठाउँको गाउँ बजारमा चलेका दरले मोल बिगो नालेस उजूर मै खुलाई लिइनेछ त्यसरी खुलाई ल्याएको मोलमा शंका देखिन आए नालेस उजूर सुन्नेले बुझी एकीन गर्न सक्छ,

(श) जग्गाको हक कायम गरी पाउँ भन्ने वा दर्ता नाउँसारी गरी पाउँ भन्ने वा दर्ता नाउँसारी गरेको बदर गरी पाउँ भन्ने दाबी गरेकोमा हक कायम गरी पाउँ भन्ने तर्फ प्रकरण (घ) बमोजिम हुने जग्गाको मोल बिगोको अंकबाट र दर्ता नाउँसारी गरी पाउँ वा सो गरेको बदर गरी पाउँ भन्नेतर्फ एकसय रुपैया कोर्ट फी लाग्छ ।

६. कोर्ट फी को दर : कोर्ट फी लाग्ने मुद्दामा नालेस सुन्दा देहाय बमोजिमको कोर्ट फी लाग्छ :

(क) ✂............. दावी गरेका वा पक्राउ छुटाई पाउँ भनेका मोल बिगोको अंकबाट प्रत्येक मुद्दामा देहाय बमोजिम :

(१) ✂.................................

▲(२) पहिलो २००० दुईहजार रुपैयाँ सम्मका लागि १०० एकसय रुपैयाँ ।

(३) २५००० पच्चीस हजार सम्म भएमा दोश्रो २३००० तेइस हजार सम्मको निमित्त सयकडा चारका दरले,

---

✂ तेश्रो संशोधनद्वारा झिकिएको ।

▲ तेश्रो संशोधनद्वारा संशोधित ।

(४) १००००० एक लाख सम्म भए तेश्रो ७५००० पचहत्तर हजार सम्मलाई सयकडा ३ तीनका दरले

(५) २५०००० अढाई लाख सम्म भए चौथा १५०००० डेढ लाख सम्मको निमित्त सयकडा दुईका दरले,

(६) २५०००० अढाई लाख भन्दा बढी भएमा बढी अंक जतिका निमित्त सयकडा एकका दरले ।

(ख) बिगो नखुलेको र बिगो खुले पनि प्रचलित कानूनले मोल बिगोको हिसाबले सजाय नहुने यति सजाय गर्ने भनी किटिएको वा कसूर अनुसार तजबीजबाट सजाय हुने देहायका समेत मुद्दाहरुमा प्रत्येक मुद्दा पिच्छे देहाय बमोजिम :

(१) अंश भरी भराउ गरी रहनु नपर्ने अंशको अंकसम्म कायम गरी वा अंशको हक नलाग्ने गरी वा यति भाग पाउँछ भन्ने यकीन गरी पाउँ भन्ने प्रत्येक मुद्दामा ❒एकसय रुपैयाँ ।

(२) देहाय बमोजिम समेत मुद्दाहरुमा प्रत्येक मुद्दामा ❒एकसय रुपैया :

(१) तमसुक कागजहरु बदर गरी पाउँ भन्ने,

(२) घरायसमा गरी दिएको रजिष्ट्रेशन पास गर्नु पर्ने कागज पास गरी दिएन गराई पाउँ भन्ने,

(३) बुझाई दिएको रसीद भरपाई गरी दिएन गराई पाउँ भन्ने,

(४) दिई लिई काम भइसकेको तमसुक भाखापत्र जमानीपत्र कबुलियत भरपाई समेत इत्यादि कागज फट्टा वा भरपाई दिएन भन्ने,

(५) जग्गा जमीन घर पसलमा बसेकोलाई उठाई पाउँ वा उठ्न नपर्ने गरी पाउँ भन्ने,

(६) दोहरी गरिदिनु पर्ने गरी दिएन गराई पाउँ भन्ने,

(७) हर हिसाब गरेकोमा चित्त बुझेन दोहऱ्याई हर हिसाब गराई पाउँ भन्ने,

(८) बाँध पैन कुलो पानी बनाउन ल्याउन दिएन वा बनाउनलाई समेल भएन भन्ने,

(९) बाँध पैन कुलोबाट आएका पानीले जग्गा पटाउन दिएन भन्ने,

---

❒ तेश्रो संशोधनद्वारा संशोधित ।

(१०) जग्गामा पानी हाल्दा पटाउँदा रोलसँग पठाउनु पर्नेमा पछि पाउनेले अघिबाट पानी लगी जग्गा पटाई दियो रुलसँग पटाउने गरी वा पानी माग पाउँ भन्ने,

(११) निकास बाटो झ्याल ढोका खुला गर्न दिएन बन्द गरी दियो खुलाई वा बन्द गरी पाउँ भन्ने,

(१२) झ्याल ढोका, कौशी निकास राख्न तला थप्न दिएन राख्न पाउँ वा निकास बन्द गराई पाउँ भन्ने,

(१३) जग्गाको हक कायम गरी पाउँ भन्ने दावी नगरी दर्ता नाउँसारी गरी वा सो गरेको बदर गरी पाउँ भन्ने, र

(१४) कुनै कुरा यसो गर्न पाउने होइन नगर्नु भन्ने निषेध आज्ञा जारी गरी पाउँ भन्ने ।

❖(३) उपखण्ड (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिवादी वा विपक्षीको जिकिरबाट कुनै चल वा अचल सम्पत्तिको हक वेहक गर्नु पर्ने भएमा खण्ड (क) बमोजिम कोर्ट फी लाग्नेछ ।

(ग) बिगो नखुली तायदाती फाँट लिई बण्डा गरी पाउँ भन्ने अंश मुद्दाको नालेस उजूरमा अंश पाउने ठहरी फाँट लिई बिगो कायम भइसकेपछि बिगोको हिसाबले कोर्ट फी लाग्छ । प्रकरण (ख) को (१) मा लेखिए बमोजिम नालेस दिंदा आइरहेको कोर्ट फीबाट कट्टा गरी नपुगेपछि असूल गरिनेछ र बढी भए फिर्ता दिइनेछ ।

(घ) उजूरीबाट ठाडो बुझिएको मुद्दामा पनि नालेस परे सरह कोर्ट फी लिई मात्र दायर गरिनेछ । कोर्ट फी नबुझाए त्यस्तो उजूरीमा कारवाई हुन सक्तैन ।

(ङ) स्वास्नीमानिस र नाबालकले अरुका उपर र निजहरुका उपर अरु मानिसले नालेस उजूर दिएमा पनि पुरै कोर्ट फी लाग्नेछ ।

७. <u>केही मुद्दामा कोर्ट फी लिने व्यवस्था</u> : (१) एकै नालेसबाट वादीले पक्रेको कुरा साबित ठहरे एक वा बढी प्रतिवादीलाई मोल बिगोका हिसाबले र एक वा बढी प्रतिवादीलाई कसूर अनुसार वा दुवै सजाय हुने देखिएकोमा मोल बिगोका हिसाबले हुने सजायको मोल बिगोका अंकबाट र कसूर अनुसार हुने सजायको कसूरको सजायको हिसाबबाट र दुवै हुनेमा दुवैको हिसाबबाट कोर्ट फी लाग्छ ।

---

❖ तेश्रो संशोधनद्वारा थप ।

(२) अंश दिलाई पाउँ भन्ने नालेस उजूर परेमा केही बिगो खुलेको केही नखुलेको भए खुलेसम्मका बिगोको पुरै कोर्ट फी र बिगो नखुलेको जतिको ❐एकसय रुपैयाँ कोर्ट फी लिई बाँकी दफा ६ को (ग) मा लेखिए बमोजिम पछि असूल गरी लिइनेछ ।

(३) कोर्ट फी लिंदा हिसाबबाट पैसादेखि मूनिको चानचुन दाम समेत दिनु पर्ने हुन आएमा चानचुन दाम लिइने छैन ।

८. प्रतिउत्तरपत्रको दस्तुर : कोर्ट फी लाग्ने मुद्दामा प्रतिउत्तरपत्र दिंदा प्रचलित कानून बमोजिम प्रतिउत्तरपत्रको दस्तुर छुट्न सक्तैन, प्रतिउत्तरपत्र दिनु नपर्ने ठाडो बुझिएको मुद्दामा प्रतिवादीलाई प्रतिउत्तरपत्रको दस्तुर लाग्दैन ।

## परिच्छेद ४

## सजाय छुट्ने र नछुट्ने

९. सजाय गर्नु नपर्ने : यस ऐन बमोजिम कोर्ट फी लाग्ने मुद्दामा दफा १० ले छुट्न नसक्ने सजाय बाहेक प्रचलित अरु कानूनले हुने सजाय गरिने छैन । वादीले जिते वादीले तिरेको वा तिर्न पर्ने ठहरेको कोर्ट फी र बिगो समेत भरी पाउने ठहरे जति हार्ने प्रतिवादीबाट भराई लिन पाउँछ । वादीले हारे निजले तिरेको कार्ट फी प्रतिवादीबाट भरी पाउन सक्तैन, कोर्ट फी नै नलिई वा पूरा कोर्ट फी नलिई दायर भएकोमा आइसकेको कोर्ट फी कट्टा गरी नपुग लिनु पर्ने बाँकी कोर्ट फी, यस ऐन बमोजिम जसबाट लिनु पर्ने हुन आउँछ, उसबाट असूल गर्नु भन्ने समेत फैसला भई तोकी लेखी यो ऐन बमोजिम असूल गर्नुपर्छ ।

१०. कोर्ट फी तिरे पनि सजाय छुट्न नसक्ने : (१) कोर्ट फी लागेको भए पनि देहायमा लेखिएका समेत प्रचलित नेपाल कानूनले गर्नु पर्ने नगर्ने गर्न नहुने गर्ने दिनु पर्ने नदिएमा लाग्ने सजाय छुट्न सक्तैन :

(क) प्रचलित कानूनको नालेस उजूर लाग्न सक्ने तर प्रचलित कानूनको रीत नपुगेको कागज पेश गरी नालेस उजूर गर्नेलाई हुने कानून बमोजिमको सजाय ।

(ख) दोहरी दिनु पर्ने नदिनेलाई वा दोहरी कागजमा साक्षी लिखत फक पारी लेखिदिनेलाई हुने सजाय ।

(२) कोर्ट फी लाग्ने मुद्दामा प्रमाणलाई झिकाई बुझिएका सरजमिन समेतका मानिसहरुले झुट्टा बके म्यादमा नआएमा समेत प्रचलित नेपाल कानूनले सजाय हुने रहेछ भने सो सजाय छुट्न सक्तैन ।

❐ तेश्रो संशोधनद्वारा संशोधित ।

(३) कोर्ट फी लागेको मुद्दामा फैसला भइसकेपछि प्रचलित कानूनले गर्नु पर्ने बिगो भराउने, चलन चलाई दिनुपर्ने समेत गर्नु गराउनु पर्ने काम र चलन चलाउँदा चलन गर्न नदिई जबरजस्ती गर्ने जायजात दबाउनेलाई समेत प्रचलित नेपाल कानूनले लाग्ने सजाय छुट्न सक्तैन ।

११. मुद्दा डिसमिस, खारेज वा मिलापत्र भएमा गर्ने : (१) पूरा कोर्ट फी बुझाई वा बुझाउने गरी दायर भएको मुद्दामा मिलापत्र गर्ने गर्दा बक्साउनी लिईने छैन र त्यस्तो मुद्दा डिसमिस खारेज भएमा सो भए वापत कुनै सजाय गरिने छैन ।

(२) केही कोर्ट फी नलिई दायर भएको कोर्ट फी लाग्ने मुद्दा प्रचलित नेपाल कानून बमोजिम मिलापत्र गर्ने भएमा मिलापत्र भए जति कुरामा लाग्ने कोर्ट फी मध्ये आइरहेको कोर्ट फी जति कट्टा गरी बाँकी नपुग कोर्ट फी वादी वा अपीलाटबाट लिई मात्र मिलापत्र हुन सक्तछ । डिसमिस खारेज भएमा यस ऐनले लाग्ने कोर्ट फीमा आईसकेको कोर्ट फी कट्टा गरी नपुग जति वादी वा अपीलाटबाट यस ऐन बमोजिम असूल गरी लिइनेछ ।

(३) कोर्ट फी लागि वा लाग्ने गरी मुद्दा दायर भइसकेपछि डिसमिस वा खारेज हुन गए पनि आइसकेको वा आउने भएको कोर्ट फी कुनै हालतमा फिर्त हुन वा छुट्न सक्दैन । मिलापत्र भएमा भने यस ऐनले लाग्ने कोर्ट फी जम्मा अंकको आधा कोर्ट फी मात्र लिइनेछ र बढी आएको भए फिर्ता र बाँकी भए नलाग्ने जति मिन्हा गरिनेछ ।

तर - खारेज भएकोमा नालेस वा उजूरीको लेखाइबाटै मुद्दा चल्न नसक्नेमा अदालतको गल्तीले कोर्ट फी लिई दर्ता गरिदिएको देखिन आएकोमा ❒प्रचलित कानून बमोजिम लाग्ने नालेस दस्तुर कट्टा गरी बाँकी कोर्ट फी फिर्ता गरिनेछ ।

(४) कानूनको रीत बमोजिम डिसमिस, खारेज वा मिलापत्र भैसकेको मुद्दा झगडियाको उजूरीबाट कुनै प्रकार जागी पूनः कारवाई चल्ने भएमा जसको उजूरीबाट सो मुद्दा पूनः हेरिने भएको हो उसैले शुरु वा पुनरावदेन जुन तहको मुद्दा छ सोही तहको यस ऐनले लाग्ने कोर्ट फी पूनः दाखिल गर्नु पर्छ ।

१२. वारिस दिंदा लाग्ने धरौटी नलिने : वारिस राख्न पाउने कोर्ट फी लाग्ने मुद्दामा वादी वा प्रतिवादी वा दुवैले वारिस राखेमा प्रचलित नेपाल कानूनले वारिस दिए वापत लाग्ने धरौटी लिइने छैन ।

♦१३. दशौंद, बिशौंद र जीताउरी : (१) बिगो भराउँदा वा चलन चलाउँदा प्रचलित नेपाल कानूनले दशौंद लिनु पर्नेमा कोर्ट फी लागेको मुद्दामा दशौंद लिइने छैन । भरी पाउने वा चलन चलाउने बाट भरी

---

❒ तेश्रो संशोधनद्वारा संशोधित ।

भराउको वा चलन चलाएको दस्तुर सयकडा २॥ अढाईका दरले लिइनेछ । कोर्ट फी र अरु फी वा दस्तुर भराई दिएकोमा केही लिइने छैन ।

✪तर कोर्ट फी तिर्न असमर्थ भनी दफा २३ बमोजिम मुद्दा हेर्ने अधिकृत वा न्यायाधीशले पर्चा खडा गरेको पक्षको हकमा निजलाई रु. ५,००० /- पाँचहजारसम्मको बिगो भराउँदा वा त्यति मोलसम्मको कुनै सम्पत्ति चलन चलाउँदा यो उपदफा बमोजिमको दस्तुर लिइने छैन ।

(२) कोर्ट फी लागेको मुद्दामा प्रचलित नेपाल कानूनले लाग्ने जीताउरी र सलामी लिइने छैन ।

(३) कोर्ट फी लागेको मुद्दामा बिगो भराउँदा वा चलन चलाउँदा प्रचलित नेपाल कानुन बमोजिम लाग्ने दशौंद लिइने छैन ।

## परिच्छेद ५

## घटी वा बढी परेमा हुने

१४. नालेस वा उजूर वा पुनरावेदन गर्दा कोर्ट फी घटी लाग्ने गरी लेखी ल्याएकोमा र बढी लिएकोमा समेत गर्ने बारे : (१) कोर्ट फी लाग्ने मुद्दामा दर्ता गर्न ल्याएको नालेस वा पुनरावेदन वा ठाडो बुझिएको मुद्दामा उजूरी वा बयानमा लेखिदिएकोबाट देखिए बमोजिम मोल बिगो कायम गरी लाग्ने जति कोर्ट फी लिई मुद्दा दायर गरिनेछ ।

(२) कोर्ट फी थोरै लगाउनलाई ठिक मोल बिगो नदेखाई बढी मोल बिगो देखाई ल्याएकोमा उजूर पर्न आए बुझी ठहरे उपदफा (१०) बमोजिम गरि नपुग कोर्ट फी पछि थप गराइ लिई यस ऐन बमोजिम सजाय समेत गरिनेछ ।

(३) कोर्ट फी लाग्ने मुद्दामा दिएको नालेस उजूर वा पुनरावेदनको लेखाई अनुसार लाग्नेभन्दा घटी कोर्ट फी ल्याएको नदेखिए नपुग जति कोर्ट फी दाखिल गर्न लगाई मात्र मुद्दा दायर हुन सक्नेछ। दाखिल गर्न नसकि म्याद पाउँ भनी नालेस वा उजूर वा पुनरावेदन गर्ने हद म्यादको अवधि १५ दिनभन्दा घटी हुनेले माग गरेमा सो बाँकी समेत १५ दिन पुग्न चाहिने दिन अदालतबाट थप दिन सक्नेछन् । सो म्यादभित्र नल्याए नालेस सुनिन वा ठाडो बुझिन वा पुनरावेदन लाग्न सक्नेछैन ।

(४) नालेस वा उजूर वा पुनरावेदनको लेखबाट लिनु पर्ने भन्दा घटी कोर्ट फी लिएको वा बुझाएको रहेछ भन्ने कुरा मुद्दा दायर भइसकेपछि कुनै प्रकारबाट अदालतलाई थाहा हुन गएमा वा ठहरिन आएमा नपुग देखिएको कोर्ट फी यति दाखिल गर्न ल्याउनु भनी अदालतले १५ दिनसम्मको

---

♦ दोश्रो संशोधनद्वारा संशोधित ।

✪ केही नेपाल ऐन (संशोधन) ऐन, २०४३ द्वारा थप ।

म्याद दिई पुर्जी लेखी बुझाई दिनेछन् । म्यादभित्र दाखिल नगरेमा अदालतबाट नालेस वा उजूर वा पुनरावेदन खारेज हुनेछ ।

^(५) कुनै झगडियाबाट आवश्यक भन्दा बढी कोर्ट फी लिएको देखिएमा सो बढी दाखिल भए जति कोर्ट फी यस ऐन बमोजिम सो झगडियालाई फिर्ता दिइनेछ । कोर्ट फी राखी नालेस दिनेले मुद्दा जिती हार्नेबाट कोर्ट फी भराई माग्दा मुद्दामा लाग्ने जति कोर्ट फी सम्ममात्र भरी पाउँछ । बढी कोर्ट फी बुझाएको देखि फिर्ता दिंदा यतिमात्र लाग्नेमा यति बुझाएको हुँदा बढी देखिएको यति फिर्ता दिने भनी पर्चा लेखि मिसिलमा राख्नु पर्छ ।

(६) वादी वा अपिलाटले लेखिदिएको लेखबाट मोल बिगो कायम गरि कोर्ट फी लिइसकेपछि घटी कोर्ट फी लगाएकोमा उजूर परी वा नपरेपनि मिसिल सामेल रहेको प्रमाणबाट धेरै मोल वा बिगो देखिन आएकोमा घटी कोर्ट फी लगाउनलाई घटी मोल बिगो देखाएको देखिए ❐मुद्दा हेर्ने अधिकृत वा न्यायाधीशले आफैं वा आफू मातहतका अन्य कर्मचारीद्वारा त्यस्तो घटी मोल बिगोको पून: कोर्ट फी कायम गरी वा गर्न लगाई त्यसरी घटी कोर्ट फी को मोल बिगो कायम गरि देखाए वापत सो घटी देखाउनेलाई उपदफा (१०) बमोजिम गरी नपुग कोर्ट फी उपदफा (३) बमोजिम तोकिदिएको म्यादभित्र नबुझाए मुद्दा चल्न सक्दैन खारेज हुनेछ ।

(७) अंश बंण्डा गरी पाउँ भनी मोल बिगो किटि नालेस वा उजूर गरेकोमा किटि देखाएसम्मको बिगो बमोजिम कोर्ट फी लागेकोमा अंश भरी पाउँदा किटि देखाएको भन्दा बढी अंश भरी पाउने हुन आएमा मुद्दा फैसला भइसकेपछि अंश भराई दिंदा बाँकी कोर्ट फी उसै बखत असुल गरीलिनु पर्छ ।

(८) मिसिल जाँच गर्ने अख्तियार पाएकोले जाँच गर्दा वा पुनरावेदन परेमा मुद्दामा पुनरावेदन सुन्नेले मिसिल जाँच्दा समेत चाहिने जति कोर्ट फी आएको छ वा छैन हेर्नु पर्छ घटी लिएको देखिए नपुग कोर्ट फी उपदफा (३) बमोजिम गरी वादी वा अपिलाटबाट लिनु भनी आदेश दिनुपर्छ । तोकिएको म्यादमा नबुझाए त्यस्तोको मुद्दा खारेज हुन्छ । त्यसरी कम लिने अदालतका सम्वन्धित कर्मचारीलाई उपदफा (१४) बमोजिम हुन्छ ।

(९) अदालतबाट तोके बमोजिमको कोर्ट फी बुझाउन चित्त नबुझ्नेले तोकिदिएको कोर्ट फी बुझाई नसकेको भए बाटाको म्याद बाहेक ३ दिनभित्र र तोकेबमोजिमको कोर्ट फी तिरीसकेको भए सो कोर्ट फी तिरेको मुद्दा फैसला नहुदै पुनरावेदन सुन्ने अधिकारी छेउ उजूर गरेमा पुनरावेदन सुन्ने

---

^ नेपाल कोर्ट फी (संशोधन) ऐन, २०२० द्वारा संशोधित ।

❐ तेश्रो संशोधनद्वारा थप ।

अदालतले जाँचबुझ गरी ७ दिनमा बुझाउन ल्याउनु भनी तोकिदिएको म्यादमा जुन नजिक हुन्छ सो म्यादभित्र यकिन गरी बढी तोकेको वा लिएको ठहरेमा सो लिने वा तोक्ने अदालतका सम्वन्धित कर्मचारीलाई उपदफा (१४) बमोजिम र कोर्ट फी ठीक तोकेको वा लिएकोमा फजुल उजूर गरेको ठहरे सो उजूर गर्नेलाई बढी लियो वा तोक्यो भनेको अंकको सयकडा १५ का दरले जरिवाना गर्नेछ। बढी कोर्ट फी तोक्यो भन्ने उजूरी दिएकोमा किनारा लागेका मितिले बाटाको म्याद बाहेक ३ दिनभित्र लाग्ने ठहरेको कोर्ट फी लिई नालेस, वा उजूर वा पुनरावेदन दायर गराउन आएमा अघि प्रचलित कानूनका हद म्यादभित्र नालेस वा उजूर वा पुनरावेदन लेखी सो हेर्ने अदालतमा दाखिल गरेको रहेछ भने हद जानसक्दैन सो व्यहोरा समेत लेख्नु पर्ने कुरा सबै नालेस उजूरकै शिरमा लेखी अदालतका अधिकारीले दस्तखत गरी उजूरको ठेगाना लागी आएको निस्सा समेत मिसिल सामेल राखी दर्ता गर्नुपर्छ।

(१०) घटी कोर्ट फी लगाउनलाई घटी मोल बिगो देखाई मुद्दा दायर गर्नेलाई देहाय बमोजिमका कुरामा देहाय बमोजिम हुन्छ :

(क) विपक्षीको उजूरीबाट बुझ्दा घटी मोल बिगो देखाई ल्याएको ठहरिएमा मुद्दा फैसला हुँदा घटी मोल बिगो देखाई ल्याउने जिते पनि त्यसरी पछि तिरेको कोर्ट फी जति उजूर गरी साबिक गराई दिने हार्ने पक्षको व्यक्तिसँग त्यस्तो गरी जित्नेले भराई लिन पाउँदैन।

(ख) बिपक्षी बाहेक अरुको उजूरी परी बुझ्दा वा उजूर नगरी जाँच्दा हेर्दा समेत घटी कोर्ट फी दिनका लागि घटी मोल बिगो देखाईल्याएको ठहरिन आएमा सो घटाएको कोर्ट फीको १० खण्ड को १ खण्ड र खण्ड (क) बमोजिम भएकोमा २० खण्डको १ खण्ड त्यसरी घटाउनेलाई जरिवाना हुनेछ।

(ग) अदालतलेनै जानी बुझी वा जान्ने कारण पर्दा पर्दै लाग्ने भन्दा घटी लिएको देखिन आएमा वादी वा अपिलाटलाई जरिवाना लाग्दैन।

(११) घटी कोर्ट फी आएको भए नपुग कोर्ट फी दाखिन गर्नालाई यस दफामा लेखि बमोजिम जनाउ पूर्जी गरि दिंदा गरिदिएका पुर्जीको नक्कलको शिर वा फड्केमा यही बमोजिमको पुर्जी यस मितिमा बुझिलियाँ भनी लेखि बुझ्ने वादी वा अपिलाट वा निजको वारिसको सहीछाप गराई र तारेखमा नभए म्याद समाव्हान तामेल गर्दाको रीत बमोजिम पूर्जी तामेल गरी सो तामेली एक प्रति मिसिल समेल राख्नु पर्नेछ।

(१२) कोर्ट फी तिरी मुद्दा दायर भइसकेपछि नपुग देखिन आएको कोर्ट फी थप लिएको वा बढी आएको देखिन आई फिर्ता दिएकोमा समेत अघि कोर्ट फी लिई गरिदिएका भरपाईमा जनाई दिने गर्नुपर्छ ।

(१३) कोर्ट फी घटी लगाउनलाई घटी मोल बिगो देखाई ल्याएको छ भनी उजूर परेकोमा बुझ्दा घटाएको नठहरे झुठ्ठा उजूर गर्नेलाई घटायो भनेका कोर्ट फीको सयकडा ५ जरिवाना हुन्छ ।

(१४) जानी जानी लिनुपर्ने भन्दा कम वा बढी कोर्ट फी लिने अदालतका कर्मचारी उपर कानूनी कारवाई गरिनेछ र त्यसरी घटी कोर्ट फी लिएको मुद्दा आखिरी फैसला भईसकेको रहेछ वा पुनरावेदन गर्न म्याद समाप्त भइसकेको रहेछ भने छुटाएको जति कोर्ट फीको बिगो त्यसरी छुटाउनेबाट असूल उपर हुनेछ ।

स्पष्टीकरण : यस उपदफामा जानी जानी भन्नाले नालेस उजूर वा पुनरावेदनका लेखबाट वा प्रमाणबाट देखिन आएको बिगोको यस ऐन बमोजिम कोर्ट फी नलिनु वा बढी लिनुलाई सम्झनु पर्छ ।

## परिच्छेद ६

## कोर्ट फी भराउने

१५. कोर्ट फी भराई दिने : (१) कोर्ट फी लागि दायर भएको मुद्दा वादी वा अपीलाटले जिते निजले तिरेको कोर्ट फी हार्ने पक्षबाट भराई पाउनेछ ।

(२) एक देखि बढी प्रतिवादी भएको मुद्दामा बादीलाई कोर्ट फी भराउँदा बिगो भरी भराउ गरी दिनुपर्ने कुरामा जस जसबाट जति जति बिगो भरी पाउने ठहर्छ सो बिगोको हिसाबले र हक दावी छाड्नु छुटाउनु पर्ने कुरामा जति जनाबाट जति जति छाड्नु छुटाउनु पर्ने हो उति जवानबाट उति उतिका हिसाबले र लेखिए बाहेक अरु कलममा हार्ने जति जवान छन्, उति जवानबाट दामासाही गरी भराई दिइनेछ ।

◎(३) लाग्ने कोर्ट फी नराखी मुद्दा दायर भएकोमा वादी वा अपीलाटले जिते लाग्ने ठहरिएको कोर्ट फी विपक्षीबाट दण्ड जरीवाना सरह असूल गरी लिइनेछ ।

(४) वादी वा अपीलाटले धेरै कुराको दावी गरेकोमा केहीमा हार्‍यो केहीमा जित्यो भने हारे जति कुराको कोर्ट फी आफ्नो विपक्षीबाट भरी लिन पाउँदैन ।

(५) कोर्ट फी नतिरी वा केही बाँकी राखी दायर भएको मुद्दा वादी वा अपीलाटले हार्‍यो भने लाग्ने जति कोर्ट फी हार्ने वादी वा अपीलाटबाट असूल उपर गरिनेछ ।

---

◎ केही नेपाल ऐन (संशोधन) ऐन, २०४३ द्वारा संशोधित ।

(६) ♦एकसय रुपैयाँ कोर्ट फी दायर भएको अंश मुद्दामा बादीले हारे बिगो देखिएकोमा बिगोको हिसाबले लाग्ने कोर्ट फीमा आइरहेका कोर्ट फी कट्टा गरी बाँकी वादीबाट असूल गरिनेछ।

(७) वादी वा अपीलाटले भरिपाउने कोर्ट फी भराउन नपाउँदै प्रतिवादी वा विपक्षी मरे पनि त्यस्ताको अपुतालि खानेबाट वादी वा अपीलाटले भरी भराउ गरी लिन पाउनेछ।

(८) दामासाही वा भाखा गराई पाउँ भन्ने मुद्दामा प्रतिवादी साहूले मञ्जुर गरी दामासाही वा भाखा हुने भएमा वादी असामी जितेपनि प्रतिवादीबाट कोर्ट फी भराइने छैन। दामासाही गर्नु वा भाखा दिनु नपर्ने भनी प्रतिवादी साहूले जिकिर गरेकोमा वादीले जित्यो भने हार्ने प्रतिवादीबाट वादीलाई भराई दिइनेछ।

(९) बिगो नखुलेको अंश मुद्दा वा पूरा कोर्ट फी नलिई वा कोर्ट फी नै नलिई दायर भएको अरु कुनै मुद्दा वादीले जितेमा जित्ने वादीले भरी पाउने बिगो भराई माग्न लगाई प्रचलित कानूनले दिएको म्याद भित्र दरखास्त दिएको भए वादीले भराई पाउने बिगो वापत हार्ने प्रतिवादीको जायजात गरी नालेस वा उजूर वा पुनरावेदन गर्दा आईसकेको कोर्ट फी कटाई बाँकी कोर्ट फी भर्ना लिइनेछ र त्यति गर्दा बचत हुन आएको अंक बिगो तिरीसकेको र कोर्ट फी वापत लाग्ने दस्तुर लिई वादीलाई भराई दिइनेछ। भराई माग्नलाई प्रचलित कानून बमोजिमको म्यादभित्र दरखास्त पर्न आएन वा दरखास्त दिई सकेपछि भराई नमागी वादीले बिचमा छाडिदियो भने दरखास्त दिने म्याद वा दरखास्त परिसकेपछि गुज्रेको तारीख थमाउने म्याद नाघेको १५ दिनभित्र त्यस मुद्दामा लिनुपर्ने बाँकी कोर्ट फी उपर गर्न चाहिने जतिसम्म वादीले प्रतिवादीसँग भराई पाउने ठहरेको बिगोको अंकमा बढाई प्रतिवादीको जायजात गरी लिइनेछ। प्रतिवादीको जायजातबाट उपर नभएको बाँकी कोर्ट फी वादीको जायजातबाटै उपर गरि लिइनेछ।

(१०) जित्नेले हार्नेबाट उपर गरि लिन पाउने ठहरेको वा उपदफा (९) बमोजिम वादीबाटै उपर गरी लिएको कोर्ट फी वा दस्तुर हार्नेका जायजातबाट उपर नभएको बाँकी उपर गर्न २ वर्षभित्र जायजात देखाई ♦दरखास्त दियो र निजको जायजात भएको ठहरियो भने शुरुमा कोर्ट फी वा दस्तुर भराए सरह गरी भराई दिइनेछ। त्यति गर्दा उपर नभएकोमा पछि दावा गर्न वा भराई लिन पाउने छैन।

---

♦ तेस्रो संशोधनद्वारा संशोधित।
♦ दोस्रो संशोधनद्वारा संशोधित।

(११) हार्नेबाट ◎भरी पाउने ठहरेको दस्तुर, कोर्ट फी बिगो भराई माग्दा पुनरावेदनको हद म्याद गुजारी वा पुनरावेदनको टुङ्गोलागी पुनरावेदन उजूर नलाग्ने भइसकेपछि भराइपाउने ठहरेको कोर्ट फी वा मुद्दामा बुझाएको दस्तुर फी समेत भराई माग्नलाई एकै पटक दरखास्त दिए हुन्छ। तर त्यस्तो दरखास्त अन्तिम फैसला भएको मितिले ✷दुई वर्षभित्र परिसकेको हुनुपर्छ।

(१२) वादीलाई लिनुपर्ने ठहराएको कोर्ट फी धरौटी राखी पुनरावेदन गर्ने प्रतिवादी हारी इन्साफ सदर भएमा त्यसरी प्रतिवादीले पुनरावेदन दिंदा धरौट राखेको कोर्ट फी भराई माग्नलाई उपदफा (११) बमोजिम बिगो दस्तुर समेत एकैपटक भराई माग्नलाई दरखास्त नदिई त्यस्तो पुनरावेदन दिंदाको कोर्ट फी वापत धरौट आईरहेको रुपैयासम्म भराई माग्नलाई वादीले दरखास्त दिए पनि प्रचलित नेपाल कानूनको रीत पुऱ्याई भराई दिइनेछ।

(१३) भराई पाउने ठहरेको बिगो वा कोर्ट फी र मुद्दामा लागेको अन्य फी वा दस्तुर भराउँदा पहिले कोर्ट फी र फी वा दस्तुरहरु भराई सकेपछि मात्र बिगो भराई दिइनेछ।

(१४) जित्नेको दरखास्त नपर्दै भरी भराउको दरखास्त दिने म्यादभित्रै बुझाउनु पर्ने व्यक्तिले आफूले तिर्नु बुझाउन पर्ने सबै बुझाउन आए अदालतले बुझी भर्पाई दिई धरौट स्याहामा आम्दानी बाँधी ३ दिनभित्र भरिपाउनेलाई प्रचलित कानूनका म्यादभित्र लिन आउनु म्याद नाघेपछि भरी पाउन सक्तैन प्रचलित कानून बमोजिम हुन्छ भन्ने जनाउको म्याद पुर्जी टाँसी दिई म्यादभित्र लिन आए यस ऐन बमोजिम भराई दिइनेछ त्यस्तो जनाउ पाए पछि पनि म्यादभित्र नआए यो ऐन बमोजिम लिन पर्ने भए कट्टा गरी लिई बाँकी जतिको हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

१६. जित्ने पक्षलाई हार्ने पक्षबाट खर्च भराउने : ✷(१) नालिस वा उजूर वा पुनरावेदन गर्ने वादी वा अपीलाटले जिते निजले बुझाएको समाव्हान, इतलायनामा तथा नक्कल दस्तुर र प्रचलित कानून बमोजिम भरिन सक्ने कानून व्यवसायीको फी, विशेषज्ञ, साक्षी र वारेसको निमित्त भएको मनासिब खर्च र मिसिलबाट मनासिब देखिन आएका अन्य खर्च समेत प्रतिवादी वा विपक्षीबाट र वादी वा अपीलाट हारी प्रतिवादी वा विपक्षीले जिते प्रतिवादी वा विपक्षीले बुझाउनु परेको माथि उल्लेख भए बमोजिमको दस्तुर, फी वा खर्च समेत हार्ने वादी वा अपीलाटबाट भरी पाउन सक्नेछ।

(२) प्रतिवादी तारिखमा हाजिर छँदै वादीले मात्र तारिख छाडेबाट नालेस उजूर कारवाई नहुनेभई मुद्दा खारेज वा डिसमिस भएमा प्रतिवादीले आफूलाई लागेको दस्तुर वादीबाट भराई लिन पाउनेछ।

---

◎ दोश्रो संशोधन द्वारा संशोधित।
✷ केही नेपाल ऐन (संशोधन) ऐन, २०४३ द्वारा संशोधित।

१७. कोर्ट फी फिर्ता गर्ने : (१) फिर्ता भर्ना पाउने भएको कोर्ट फी फिर्ता भर्ना लिन फिर्ता पाउने ठहरिएको [*]दुई वर्षभित्र आएमा पुनरावेदनको म्यादसम्म पर्खिरहनु पर्नेमा पुरावदेनले दिने हद म्याद गुज्री पुनरावदेन नलाग्ने भइसकेपछि फिर्ता दिने अदालतले अदालतकै आम्दानी मौज्दातबाट बजेट व्यवस्थाको अधिनमा रही फिर्ता दिनु दि लगाउनु पर्छ । त्यसरी दिनलाई मौज्दातले नपुग भयो भने नपुग जति रकम निकासा दिई फिर्ता दिनुपर्छ ।

(२) उदफा (१) बमोजिम फिर्ता दिनुपर्ने दिईसकेपछि अघि कोर्ट फी लिई गरिदिएको भर्पाईमा बढी आएको वा फिर्ता हुने भएको कोर्ट फी यति यस मितिमा फिर्ता भयो भनी लेखी फिर्ता दिनेले दस्तखत गरी फिर्ता दिनुपर्छ ।

## परिच्छेद ७

## पुनरावेदन गर्दा कोर्ट फीको व्यवस्था

१८. पुनरावेदन गर्दा कोर्ट फी लाग्ने : (१) पुनरावेदन गर्दा देहायका कलममा देहाय बमोजिम हुन्छ पुनरावेदन पत्रको दस्तुर लाग्दैन :

(क) बिगो खुलेको मुद्दामा पुनरावेदन गर्दा जति कुरामा चित्त नबुझी पुनरावेदन गरेको छ त्यति कुरामा शुरु नालेस वा उजूर गर्दा लाग्ने कोर्ट फीको सयकडा १५ पन्ध्रको दरले सबै तहको पुनरावेदनमा कोर्ट फी लाग्नेछ ।

(ख) [❒]एकसय रुपैयाँमात्र कोर्ट फी तिरी मुद्दा दायर भएको अंश मुद्दामा दावी गरेको नपाउने भई वादीले हारी पुनरावेदन गरेमा बिगो नखुलेको भए जुनसुकै तहको पुनरावेदनमा पनि शुरुमा लागे सरहको कोर्ट फी लाग्नेछ ।

(२) पहिलो पुनरावेदन गर्दा प्रतिवादी हारी पुनरावेदन गरेकोमा वादीलाई बुझाउनु पर्ने ठहरिएको जति कोर्ट फी र तोकिएको दण्ड जरिवाना पुनरावेदन दिने प्रतिवादीले र कोर्ट फी नबुझाई दायर गरेको मुद्दामा वादीले हारी पुनरावेदन गरेकोमा लाग्ने ठहरेको कोर्ट फी र तोकिएको दण्ड जरिवाना वादीले बुझाएपछि वा त्यसवापत धनजमानी दिए पछी मात्र त्यस पछिका पुनरावेदन गर्नु परेमा शुरु पुनरावेदनका फैसला बमोजिम बुझाउन पर्ने बुझाएपछि वा त्यस वापत धनजमानी दिएपछि मात्र पुनरावेदन दायर हुनसक्छ ।

---

[*] केही नेपाल ऐन (संशोधन) ऐन, २०४३ द्वारा संशोधित ।
[❒] तेश्रो संशोधनद्वारा संशोधित ।

(३) कोर्ट फी बुझाई वा बुझाउने गरी पुनरावेदन उजूर गरेकोमा इन्साफ जाँच्दा तल्लो अदालतको इन्साफ सदर ठहरी पुनरावेदन दिने झगडिया हारेमा पुनरावेदन दिए वापत अरु सजाय गरिने छैन ।

(४) पुनरावेदन दिने झगडियाले केही वा पूरा जितेमा जित्नेले बुझाएको जिते जतिमा लाग्ने ठहरेको कोर्ट फी हार्ने ठहरिएका विपक्षीबाट भराई लिन पाउँछ । पुनरावेदन दिंदा बुझाएको वा धरौट आइरहेको नलाग्ने ठहरिएको जति कोर्ट फी दण्ड जरिवानाहरु पनि प्रचलित नेपाल कानून बमोजिम गरी फिर्ता दिइनेछ ।

## परिच्छेद ८
## विविध

१९. पुनरावलोकन वा रिभिजन गराउँदा कोर्ट फी लाग्ने : (१) प्रचलित कानूनले अधिकार पाएको अदालतमा पुनरावलोकन (फेरी हेर्ने) वा रिभिजन (दोहोऱ्याई इन्साफ जाँच्ने) गरी पाउँ भनी निवेदन दिंदा जुन फैसला उपर पुनरावलोकन वा रिभिजनको माग गरेको छ सो फैसलाले लाग्ने भएको कोर्ट फी वा दस्तुर वा सजाय नबुझाई वा सो वापत कानूनले दिएको अरु कुनै व्यवस्था नगरी पुनरावलोकन वा रिभिजनको निवेदन माथि कारवाई चल्न सक्ने छैन ।

(२) पुनरावलोकन वा रिभिजन गरिदिने आदेश भएमा शुरु अदालतमा नालेस वा फैसला भएपछि लाग्ने कोर्ट फीको सयकडा १० दशका दरले कोर्ट फी दाखिल गर्नुपर्नेछ ।

(३) पुनरावलोकन वा रिभिजन हुँदा सो गराई माग्नेको केही वा पूरा जित हुन आएमा दफा १८ को उपदफा (४) बमोजिम पुनरावेदन परेको मुद्दामा सरह हुनेछ ।

✡२०. कोर्ट फी लिंदा नगद लिने : (१) कोर्ट फी लाग्ने मुद्दामा कोर्ट फी लिंदा दिंदा नगदनै दिने लिने गर्नुपर्छ ।

(२) उपदफा (१) बमोजिम कोर्ट फी बुझिलिएपछि अदालतले त्यस्तो आम्दानी भएको व्यहोरा आफ्नो अदालतका नगदी श्रेस्तामा आम्दानी बाँधी त्यसको रितपूर्वकको दुई प्रति रसीद तयार गरी एकप्रति रसीद दाखिल गर्ने झगडियालाई दिई अर्को प्रति रसीद सम्वन्धित मिसिलमा सामेल राख्नु पर्छ ।

(३) कोर्ट फी लाग्ने मुद्दाको नालेस वा उजूर वा पुनरावेदन जाँची लाग्ने भई सहिछाप भई सहिछाप गराई लिई सकेपछि त्यस्ता कागजको शिरमा यति कोर्ट फी लिएको भनी र पहिले कोर्ट फी नलिएकोमा वा पुरा कोर्ट फी नलिएकोमा यति चाहिनेमा यति आएको वा आउँदै नआएको भन्ने समेत स्पष्ट लेखी रीतपूर्वक दस्तखत गरी राख्नु पर्छ ।

---

✡ नेपाल कोर्ट फी (संशोधन) ऐन, २०२० द्वारा संशोधित ।

(४) कोर्ट फी लाग्ने मुद्दा कोर्ट फी लाग्नु पर्ने जति ठिक लिए नलिएको र लिएको कोर्ट फीको आम्दानी बाँधे नबाँधेको समेत सर्वोच्च अदालतमा ❒रजिष्ट्रार वा निजले तोकेको अन्य अधिकृतले र अरु अदालतमा अदालतको प्रमुख अधिकारीले रोज रोज जाँची जँचाई जाँचको निस्सा लगाउनु पर्छ। कोर्ट फी दर्ता किताबमा आम्दानी बाँधिए नबाँधिएको जाँची निस्सा नलागेसम्म मुद्दा दायरीमा चढ्न सक्तैन।

(५) मातहत अदालतहरुले लिनुपर्ने जति कोर्ट फी लिए नलिएको र लिएकोमा आम्दानी बाँधिए नबाँधिएको समेत कुराको एक एक वर्षमा जाँच गर्ने गराउने कर्तव्य सर्वोच्च अदालतको हुनेछ।

(६) यस ऐन बमोजिम लाग्ने कोर्ट फी नलिई वा धरौटी फी नलिई मुद्दा दायर गरी फैसला समेत भैसकेको रहेछ र सो कोर्ट फी मुद्दावालाबाट उपर भएन भने उपर नभए जति कोर्ट फी कम वा बढी लिने कर्मचारी उपर सो नोक्सानी वापत कानूनी कारवाई गरिनेछ।

(७) अदालत जाँच गर्ने अधिकारीले कोर्ट फी पूरा लिए नलिएको र यो ऐन बमोजिम आम्दानी बाँधिएको छ छैन हेरी बुझी ठीक देखिएमा ठीक छ भनी र पूरा कोर्ट फी नलिएको वा आम्दानी बाँध्नु पर्ने नबाँधिएको देखिएमा त्यस्तो नगर्ने नगराउनेलाई प्रचलित कानून बमोजिम जो गर्नु पर्ने गर्नुपर्छ र कोर्ट फी लाग्ने मुद्दामा पुनरावेदन उजूर परी पुनरावेदन सुन्ने अदालतमा मिसिल गएपछि सो अदालतबाट पनि उपरोक्त कुरा जाँच्नु पर्छ। कैफियत देखिन आएमा अदालत जाँच्ने पुनरावेदन सुन्नेले देखिएको व्यहोरा लेखि मिति समेत खोली दस्तखत गरिदिनु पर्छ र सो व्यहोरा सर्वोच्च अदालतमा जाहेर गर्नुपर्छ।

(८) यो ऐन प्रारम्भ हुनुभन्दा पहिले दायर भैरहेको मुद्दाहरुमा तत्काल बहाल रहेको कानून बमोजिम नै हुन्छ यो ऐन बमोजिमको कोर्ट फी लाग्दैन।

२१. बाँकी रहेको कोर्ट फी असुल गर्दा गर्ने : बाँकी रहेको कोर्ट फी असूल गर्दा अदालती दण्ड जरिवाना असूल गर्ने सरह कारवाई गरी असूल उपर गरिनेछ।

✡२२. कोर्ट फीको दर्ता राख्ने : कुन मुद्दामा क-कसबाट कति कति कार्ट फी आएकोछ नगदी अंक स्पष्ट देखिने गरी दर्ता किताब खडा गरी रीतपूर्वक राख्नु पर्छ।

❒२३. कोर्ट फी तिर्न नसक्नेको मुद्दा हेरिन सक्ने : यस ऐनको अन्य दफामा जुनसुकै कुरा लेखिएको भए तापनि देहायमा लेखिएको अवस्थामा मुद्दा हेर्ने अधिकृत वा न्यायाधीशले कारण सहितको पर्चा खडा

---

❒ तेश्रो संशोधनद्वारा संशोधित।
✡ नेपाल कोर्ट फी (संशोधन) ऐन, २०२० द्वारा संशोधित।

गरी केही वा सबै कोर्ट फी पछि लिने गरी नालेस, उजूर, पुनरावेदन वा पुनरावलोकन वा मुद्दा दोहऱ्याउने निवेदन दर्ता गर्ने आदेश गर्न सक्नेछ :

(क) नालेस, उजूर वा पुनरावेदन गर्ने वा पुनरावलोकन वा मुद्दा दोहोऱ्याउन निवेदन दिने व्यक्ति नितान्त गरीब भई लाग्ने कोर्ट फी सबै वा केही बुझाउन असमर्थछ भन्ने मुद्दा हेर्ने अधिकृत वा न्यायाधीशलाई विश्वास गर्नु पर्ने कुनै मनासिब आधार भएमा,

(ख) नालेस, उजूर वा पुनरावेदन गर्ने वा पुनरावलोकन वा मुद्दा दोहोऱ्याउन निवेदन दिने व्यक्तिको झगडा गरेको वस्तु बाहेक अरु जायज्यथा केही नभई कोर्ट फी दाखिल गर्न असमर्थ छ भनी सम्वन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट सिफारिश भई आएमा वा मुद्दा हेर्ने अधिकृत वा न्यायाधीशलाई सो कुराको विश्वास गर्नु पर्ने कुनै मनासिब आधार भएमा ।

२४. यो ऐन लागू नहुने : (१) ☯तत्काल प्रचलित नेपाल कानून बमोजिमको सरकारवादी मुद्दामा र फौज्दारी मुद्दामा यो ऐन लागू हुने छैन ।

(२) कुनै स्थानीय स्वायत्त शासन संस्थालाई कुनै नेपाल कानूनले वा नेपाल कानून अनुसार अदालतको अधिकार दिएको रहेछ भने त्यस्ताले यो ऐनको प्रयोग गर्न पाउने छैन ।

२५. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य पूर्ति गर्नको लागि श्री ५ को सरकारले नियमहरु बनाउन सक्नेछ ।

२६. यो ऐन वा यस ऐन अन्तर्गतको नियम लागू हुने र खारेजी : (१) कोर्ट फी सम्वन्धी १९९९ साल मार्ग ८ गते र २००० साल श्रावण १७ गतेको खड्ग निशाना सनद र दण्ड सजायको २८ नम्बरको ऐन यो ऐन प्रारम्भ भएका मितिदेखि खारेज हुनेछन् ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लखिए जति कुरा सोही बमोजिम र अरु कुरामा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

२७. बाधा अड्काउ फुकाउने अधिकार : (१) यस ऐनको उद्देश्य कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा श्री ५ को सरकारले सो बाधा अड्काउ फुकाउनको लागि नेपाल राजपत्रमा सूचना प्रकाश गरी चाहिंदो आदेश निकाल्न सक्नेछ र त्यस्तो आदेश ×………… यसै ऐनमा परे सरह मानिनेछ ।

---

❐ तेश्रो संशोधनद्वारा संशोधित ।

☯ खारेजी र संशोधन ऐन, २०२२ द्वारा संशोधित ।

× अदालती कारवाही सम्वन्धी केही नेपाल ऐन(संशोधन) ऐन, २०४७ द्वारा झिकिएको ।

द्रष्टव्य : १. नेपाल कानून (संशोधन) ऐन, २०२४ बमोजिम रुपान्तर भएका शब्दहरु :
"अपिल" को सट्टा "पुनरावेदन"

(२) ×.................

"रिभ्यु" को सट्टा "पुनरावलोकन"

२. स्थानीय प्रशासन ऐन, २०२२ बमोजिम रुपान्तरण भएका शब्दहरु :

"वडाहाकिम वा मेजिष्ट्रेट" को सट्टा "अन्चलाधीश"

३. खारेजी र संशोधन ऐन, २०२२ द्वारा मूल ऐनको अनुसूची १ र २ खारेज गरिएकोछ ।